आज मिति २०८१ भाद्र ०७ गते बिहान ८ बजे यस मर्स्याङ्दी गाउँपालिकाका अध्यक्ष श्री अर्जुन गुरुङज्युको अध्यक्षतामा गाउँकार्यपालिकाको बैठक बसी तपशिल बमोजिमका निर्णय गरियो ।

उपस्थिति :

अध्यक्ष :- श्री अर्जुन गुरुङ (अध्यक्ष म. गा.पा.)

उपाध्यक्ष :- श्री जुना माया थापा (उपाध्यक्ष म.गा.पा.)

वडा अध्यक्ष :- श्री रुद्रमान गुरुङ (वडा अध्यक्ष म.गा.पा. १)

वडा अध्यक्ष :- श्री चेत बहादुर गुरुङ (वडा अध्यक्ष म.गा.पा. २)

वडा अध्यक्ष :- श्री दुधमान तामाङ (वडा अध्यक्ष म.गा.पा. ३)

वडा अध्यक्ष :- श्री बल बहादुर गुरुङ (वडा अध्यक्ष म.गा.पा. ४)

वडा अध्यक्ष :- श्री घनश्याम घले (वडा अध्यक्ष म.गा.पा. ५)

वडा अध्यक्ष :- श्री मीन राशी गुरुङ (वडा अध्यक्ष म.गा.पा. ६)

वडा अध्यक्ष :- श्री तिल बहादुर गुरुङ (वडा अध्यक्ष म.गा.पा. ७)

वडा अध्यक्ष :- श्री धनसिङ तामाङ (वडा अध्यक्ष म.गा.पा. ८)

वडा अध्यक्ष :- श्री हरिश्चन्द्र थापा (वडा अध्यक्ष म.गा.पा. ९)

कार्यपालिका सदस्य :- श्री पूर्ण काशी गुरुङ

कार्यपालिका सदस्य :- श्री पूर्ण घले

कार्यपालिका सदस्य :- श्री पारकाशी गुरुङ

कार्यपालिका सदस्य :- श्री मिना कुमारी नेपाली

कार्यपालिका सदस्य :- श्री मधु माया बगाले

कार्यपालिका सदस्य :- श्री गोम बहादुर वि.क.

प्रमुख प्रशासकीय अधिकृत :- श्री अर्जुन चपाई

अन्य उपस्थिति :

प्रशासन शाखा प्रमुख :- श्री अनिल कुमार गुरुङ

मिति २०८१ भदौ ७ गते बसेको मर्स्याङ्दी गाउँपालिकाको गाउँकार्यपालिकाको बैठकका निर्णयहरु ।

निर्णय नं १ : अघिल्लो बैठकको समिक्षा सम्बन्धमा ।

आ.व.२०८१ श्रावण ७ गते बसेको मर्स्याङ्दी गाउँपालिकाको गाउँकार्यपालिकाको बैठकले गरेका निर्णयहरुको कार्यन्वयनको अवस्था र उप्रगति बारे यस वैठकमा समिक्षा गरियो ।

निर्णय नं. २ : टेलिफोन सेवा व्यवस्थित गर्न माग गर्ने सम्बन्धमा ।

यस मर्स्याङ्दी गाउँपालिकाको निम्न घना वस्ति भएको र पर्यटकिय गाउँको रुपमा समेत विकास हुदै गरेको गाउँहरुमा नेपाल टेलिकमको सेवा व्यवस्थित हुन नसकेकोले गाउँवासीहरु र पर्यटकहरुलाई अत्यन्तै असुविधा भएकोले उक्त गाउँहरुमा नेपाल टेलिकमको सेवा व्यवस्थित गर्न यथाशिघ्र आवश्यक प्रकृया अगाडि बढाउन नेपाल टेलिकम, लमजुङ शाखालाई अनुरोध गर्ने र सम्बन्धित मन्त्रालयलाई सहयोग गर्न अनुरोध गर्ने यस गाउँपालिका गाउँ कार्यपालिकाको बैठकमा सर्वसम्मत निर्णय गरियो ।

१. मर्स्याङ्दी -१, घनपोखरा (होम स्टे गाउँ)
२. मर्स्याङ्दी -३, शिउरुङ (होम स्टे गाउँ)
३. मर्स्याङ्दी -५, सन्जापु

निर्णय नं. ३ : उपभोक्ता समितिहरुको तालिम सम्बन्धमा ।

आ.व. २०८१/०८२ को योजनाहरुलाई निर्धारित समयमा गुणस्तरीय ढङ्गबाट सम्पन्न गर्न र उपभोक्ता समितिहरुको काम कर्तव्य भुमिकालाई थप स्पष्ट पार्न निम्नानुसारको समयतालिकामा उपभोक्ता समितिहरुको पदाधिकारीहरु (अध्यक्ष, सचिव, कोषाध्यक्ष र अनुगमन समितिको संयोजक) तालिम आयोजना गर्ने र सोहि समयमा हिमालयन बैङ्क, भुलभुले शाखा सँग समन्वय गरि उपभोक्ता समितिहरुको खाता समेत खोलिदिने यस गाउँपालिका गाउँ कार्यपालिकाको बैठकमा सर्वसम्मत निर्णय गरियो ।

निम्न :

समय : ठिक ११:०० बजे ।

| मिति | वडा नं. | स्थान : | कैफियत |
|---|---|---|---|
| २०८१/०५/३० | वडा नं ८ | गाउँपालिकाको सभाहल | |
| २०८१/०५/३१ | वडा नं ७ | डादी सामुदायिक भवन | |
| २०८१/०६/०१ | वडा नं ३ | वडा कार्यालय | |
| २०८१/०६/०४ | वडा नं ९ | वडा कार्यालय | |
| २०८१/०६/०६ | वडा नं २ | मोर्डि सामुदायिक भवन | |
| २०८१/०६/०७ | वडा नं ६ | वडा कार्यालय | |
| २०८१/०६/०८ | वडा नं ४ | छापा | |
| २०८१/०६/०९ | वडा नं ५ | घेर्मु सामुदायिक भवन | |
| २०८१/०६/१० | वडा नं १ | वडा कार्यालय | |

अर्जुन थपाइ
प्रमुख प्रशासकीय अधिकृत

अर्जुन गुरुङ
अध्यक्ष

**निर्णय नं. ४ : जनता एग्रो सँगको कार्यक्रम सम्बन्धमा ।**

अर्गानिक उत्पादन अनि प्राकृतिक रुपमा भएको विभिन्न कृषि जन्य उत्पादन जटिबुटिहरुको उपयोग, स्थानीय रोजगार र आय आर्जन वृद्धि गर्न सकिने उद्धेश्यका साथ यस मर्स्याङ्दी गाउँपालिका र जनता एग्रो विच सम्झौता गरि विभिन्न कार्यक्रमहरुमा सहकार्य समन्वय गर्दै अगाडी बढ्ने यस गाउँपालिका गाउँ कार्यपालिकाको बैठकमा सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं. ५ : गाउँ शिक्षा समितिको बैठकको निर्णय अनुमोदन सम्बन्धमा ।**

मिति २०८१ जेष्ठ २४ र मिति २०८१ साउन १६ गते बसेको गाउँ शिक्षा समितिको बैठकका निर्णयहरुलाई अनुमोदन गर्ने यस गाउँपालिका गाउँ कार्यपालिकाको बैठकमा सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं. ६ : कार्यविधी पारित सम्बन्धमा ।**

कार्यक्रमलाई सहज र प्रभावकारी बनाउन निम्न कार्यविधिहरुलाई पारित गर्ने यस गाउँपालिका गाउँ कार्यपालिकाको बैठकमा सर्वसम्मत निर्णय गरियो ।

- मर्स्याङ्दी गाउँपालिकाको बाखा पैंचो कार्यक्रम सञ्चालन कार्यविधि, २०८१
- सेवा करारमा कार्यरत कर्मचारीलाई प्रोत्साहन प्रदान गर्ने सम्बन्धी कार्यविधि, २०८१
- प्रधानाध्यापक छनौट तथा व्यवस्थापन कार्यविधी, २०८१

**निर्णय नं. ७ : कार्यविधी संसोधन सम्बन्धमा ।**

निम्न कार्यविधिहरु सम्सोधन गर्ने निर्णय गरियो ।

१. मर्स्याङ्दी गाउँपालिकाको कृषि विकास कार्यक्रम संचालन सम्बन्धी कार्यविधि, २०८० (प्रथम संशोधन २०८१)

प्रथम पटक संशोधन गरिएको मितिः २०८१-०५-०७

**निर्णय नं. ८ : कृषि, पशु कार्यक्रमको लागि थप प्राविधिक कर्मचारी नियुक्त गर्ने सम्बन्धमा ।**

कृषि, पशु कार्यक्रमहरुको प्रभावकारी कार्यन्वयन र सेवा प्रवाहालाई थप व्यवस्थित बनाउन निम्नानुसारको प्राविधिकहरुको नियुक्ति प्रकृया अगाडी बढाउने यस गाउँपालिका गाउँ कार्यपालिकाको बैठकमा सर्वसम्मत निर्णय गरियो ।

**निम्न :**

| क्र.सं. | विवरण | तह | संख्या |
|---|---|---|---|
| १ | नायव पशु स्वास्थ्य प्राविधिक | चौथो | ३ |
| २ | कृषि प्राविधिक (जेटिए) | चौथो | १ |

निर्मल थापा
प्रमुख प्रशासकीय अधिकृत

अर्जुन गुरुङ
अध्यक्ष



CamScanner

निर्णय नं. ९ : आर्थिक सहयोग सम्बन्धमा ।

- आन्तरिक पर्यटन प्रवर्द्धन र पर्यटकिय गन्तव्यको रुपमा स्थापित गर्न मिति २०८१ भाद्र ७ र ८ गते आयोजना गर्न लागेको चौथो हामखोला झरना वाटरफल फेस्टिवल २०८१, मर्स्याङ्दी -८ लाई विविध कार्यक्रम खर्च (२२५२९) विभिन्न धार्मीक, सांस्कृतिक, साहित्यिक महोत्सव दिवस गोष्ठि सम्बन्धि खर्च शिर्षकवाट रु. १,००,०००।- (एक लाख मात्र) सहयोग उपलब्ध गर्ने निर्णय गरियो ।
- मन्जरी नाट्य समुह, लमजुङले प्रस्तुत गर्न लागिरहेको नाटक एक चिहान कक्षा १२ को अनिवार्य नेपाली विषयमा समावेश भएको एउटा सन्देशमुलक नाटक भएकोले यस गाउँपालिकाको विद्यालयहरुवाट विद्यार्थीहरुलाई सहभागी गराउनको लागि आवश्यक सहयोग उपलब्ध गराउन प्र.अ.हरुको बैठकवाट माग भई आएकोले सोका लागि आवश्यक टिकट दस्तुर र यातायात खर्च वापत विविध कार्यक्रम खर्च (२२५२९) विभिन्न धार्मीक, सांस्कृतिक, साहित्यिक महोत्सव दिवस गोष्ठि सम्बन्धि खर्च शिर्षकवाट रु. ७०,०००।- (सत्तरी हजार मात्र) उपलब्ध गर्ने निर्णय गरियो।
- त्रिशक्ति महिला सञ्जाल, मर्स्याङ्दी -९ द्वारा मिति २०८१ भाद्र २१ गते आयोजना गर्न लागिरहेको खुल्ला तीज गीत प्रदर्शनी कार्यक्रमको लागि विविध कार्यक्रम खर्च (२२५.२९) विभिन्न धार्मीक, सांस्कृतिक, साहित्यिक महोत्सव दिवस गोष्ठि सम्बन्धि खर्च शिर्षकवाट रु.४०,०००।- (चालिस हजार मात्र) सहयोग उपलब्ध गर्ने निर्णय गरियो ।
- राष्ट्रिय लोक तथा दोहोरीगीत प्रतिष्ठान, जिल्ला कार्य समिति,लमजुङलाई २३ औं वार्षिक साधारण सभा, स्रष्टा सम्मान विविध सांस्कृतिक कार्यक्रम २०८१ को लागि विविध कार्यक्रम खर्च (२२५२९) विभिन्न धार्मीक, सांस्कृतिक, साहित्यिक महोत्सव दिवस गोष्ठि सम्बन्धि खर्च शिर्षकवाट रु. २५,०००।- (पच्चिस हजार मात्र) सहयोग गर्ने निर्णय गरियो ।
- घनपोखरा यूवा क्लव, मर्स्याङ्दी -१,२ द्वारा आयोजना गरेको जनै पूर्णिमाको अवसरमा मेला लाग्ने धार्मिक एवं पर्यटकिय स्थल दुधपोखरी सरसफाई अभियान सञ्चालन गर्नको लागि विविध कार्यक्रम खर्च (२२५२९) विभिन्न धार्मीक, सांस्कृतिक, साहित्यिक महोत्सव दिवस गोष्ठि सम्बन्धि खर्च शिर्षकवाट रु.२५,०००।- (पच्चिस हजार मात्र) सहयोग उपलब्ध गर्ने निर्णय गरियो ।
- सेरा गैरी सुवेदी टार गाउँ खानेपानी योजना, मर्स्याङ्दी -९ को मुहान बाढीले क्षति पुऱ्याएको हुँदा उक्त वस्तिमा अहिले खानेपानीको समस्या भएकोले तत्काल अर्को वैकल्पिक श्रोतबाट खानेपानीको व्यवस्थापन गर्न विविध कार्यक्रम खर्च (२२५२९), विपद् व्यवस्थापन कोषबाट रु.३,००,०००।- (तिन लाख मात्र) बजेट उपलब्ध गराउने निर्णय गरियो ।

सर्जुन चपाई
प्रमुख प्रशासकीय अधिकृत

अर्जुन गुरुङ
अध्यक्ष



CamScanner